# गीत

यो सागर थियो सागर
प्यासि कहिले भैदियो
यो अनंत थियो आकाश
खंडित कसरि भैदियो

हजार काँडाले घोच्छ, घोच्छ मुटु भित्र
तातो आँशुले पोल्छ, पोल्छ इच्छा भित्र
सम्झना का तस्बीर हरु खील बनि गड्छन
मेटिएका रेखा हरु ब्यथा बनि बड्छन

यो सागर थियो सागर
प्यासि कहिले भैदियो
यो पूजन थियो इश्वर
पथ्थर कसरि भैदियो

खडेरि ले पोल्छ, पोल्छ इच्छा भित्र
सपनाका बालिहरु सोतर बंछ भित्र
तरंग का इंद्रेणि हरु शुन्यबाट झर्छन
टेकिएका बस्ति हरु चिहान बनि उठ्छन

–कपिल अधिकारी